# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, साउन १६ गते २०३७ साल [अतिरिक्ताङ्क २३


# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट सुदूर पश्चिमाञ्चलका जिल्लाहरूमा यही २०३७ साल श्रावण १४ गते गएको भूकम्पबाट पीडित जनताका नाममा २०३७ साल श्रावण १६ गते बक्सेको समवेदना सन्देश ।

प्यारा देशवासीहरू,

हाम्रो मुलुकको सुदूर पश्चिमाञ्चलका केही जिल्ला– विशेष गरी दार्चुला, बैतडी, बझाङ, बाजुरा, अछाम र डोटीका विभिन्न गाउँ वस्तिहरूमा भूकम्पद्वारा अनेकौं घरहरू भत्किनुका साथै धनजनको क्षति भएको कुरा सुनेर हाम्रा बडामहारानीका साथै हामीलाई दुःख लागेको छ । हाम्रो सञ्चारको माध्यम अझै पनि प्रभावकारी नभएकोले दुर्गम पाखाका गाउँ घरहरूमा गम्भीर क्षति भएको अनुमान लगाइएको भए तापनि वर्षायाम र बाटो घाटोको कठिनाइले गर्दा यस घट्ना-बाट के कति दुःख कष्ट हाम्रा प्यारा देशवासीले सहनु परेको छ त्यसलाई झन् थाहा पाउन सजिलो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छैन तर हालसम्म आइरहेका समाचारहरूबाट यस घट्नाले नराम्रो क्षति भएको कुरा प्रष्ट भैसकेको छ। दैवी प्रकोपको यस विपद अवस्थामा पर्न गएका सन्तप्त सबै प्रजाजनहरूमा हामी हार्दिक सहानुभूति र समवेदना व्यक्त गर्छौं। दैवी विपत्तिहरूलाई हामीले धैर्य र साहसका साथ सामना गर्नु पर्दछ। साथै आपतमा परेका सबैलाई सक्दो उद्धार गर्न र आवश्यक सहायता पुऱ्याउन पनि हामीले हाम्रो सरकारलाई निर्देशन दिएका छौं।

श्री पशुपतिनाथले हामी सबैको रक्षा गरून्।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।